नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

सूचना नं : १३/०७२/०७३

## भवन निर्माण सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति २०७३/०२/०५

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति अन्तर्गत अनुसन्धान तथा कार्यक्रम सहयोग ईकाइहरुको निम्नानुसारका भवनहरु निर्माण सम्बन्धी तपसिलका कार्यहरु राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नियमानुसार योग्यता पुगेका नेपाली निर्माण व्यवसायीहरुबाट यो बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र सम्बन्धी कागजात मिति २०७३ असार २ गते भित्र प्रोप्राइटर स्वयं वा निजको आधिकारिक प्रतिनिधिले समितिको सचिवालय खुमलटार, ललितपुरबाट नगद रु. ३०००/- तिरी (फिर्ता नहुने गरी) लिन सकिने छ।

२. बोलपत्र सम्बन्धी कागजात खरिदकर्ताले निवेदन साथ नियमानुसार फर्म/व्यवसाय दर्ता, भ्याट दर्ता र आ.ब. ०७१/०७२ को कर चुक्ता सम्बन्धी प्रमाणित कागजातहरु पेश गर्नु पर्ने छ।

३. बोलपत्र मिति २०७३ असार ३ गते दिनको १२.०० बजे भित्र समितिको सचिवालय खुमलटार, ललितपुरमा दाखिला गर्न सकिनेछ। दाखिला भएका बोलपत्रहरु मिति २०७३ असार ३ गते दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र सम्बन्धी कागजात खरीद वा बुझाउने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन खरीद वा बुझाउन सकिने छ।

५. बोलपत्रको खाम बाहिर बोलपत्र नं., दाखिला गरिने कार्यालयको नाम , बोलपत्रदातको नाम, ठेगाना, फोन/मोबाइल नं, कामको विवरण आदि स्पष्ट खुलाउनु पर्ने छ।

६. बोलपत्र फारम साथ बोलपत्र जमानत बापत बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ९० नब्बे दिन म्याद रहने गरी नेपाल सरकारको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकबाट क्रमश: रु १,७५,२९५/- र रु. १,८४,३८९/- को सक्कलै बैक ग्यारेण्टी पेश गर्नु पर्ने छ।

७. बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता प्रदान गरिने छ।

८. एउटा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन।

९. बोलपत्र सम्बन्धी विस्तृत छलफलको लागि मिति २०७३ जेठ २५ गते दिनको २.०० बजे समितिको सचिवालय खुमलटारमा पूर्व बोलपत्र सम्बन्धी बैठक तोकिएको छ।

१०. बोलपत्रदाताले मूल्य अभिबृद्धि कर बाहेकको बोल अंक पेश गर्नु पर्नेछ।

११. स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ।

१२. कुनै शर्त राखी पेश गरिएको बोलपत्र उपर कारबाही हुने छैन।

१३. वार्षिक औषत कारोवार, कामको अनुभव, जनशक्ति, उपकरणको विवरण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुने छ।

१४. रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन। बोलपत्र आंशिक वा पूरा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार समितिको सचिवालयलाई हुने छ।

१५. बोलपत्र सम्बन्धी सुचनामा उल्लेख भएका व्यवस्थाहरु सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४, तथा प्रचलित कानून अनुसार हुने छ।

१६. बोलपत्र सम्बन्धी थप जानकारीको लागि समितिको सचिवालयको टेलिफोन नं ०१-५५२६७७७ र ०१-५५३१५११ वा email Mail@chureboard.gov.np मा सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि. नं | ठेक्का नं. | कामको विवरण र स्थान | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BuildingLamki NCB 01 /072/73 | Cluster Office Construction at LamkiKailali | 1,75,295.00 | 3000. | |
| 2 | BuildingButwal NCB 02 /072/73 | Cluster Office Construction at Butwal,Rupandhehi | 1,84,389.00 | 3000. | |

सदस्य सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर